# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २६. अकं २, जेष्ठ/असार २०७७ May/June 2020


## अख्तियारको क्षेत्राधिकार नबढाउन उवासंघ- चितवनको माग

उद्योग वाणिज्य संघ-चितवनले नेपाल सरकारलाई असार ९ गते ज्ञापन पत्र बुझाएको छ। सरकारी निकायमा हुने भ्रष्टाचार अन्त्य गर्नका लागि स्थापना गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार लाई बढाएर अख्तियार दुरुपयोग अनुषन्धान आयोग ऐन २०४८ लाई मन्त्रीपरिषद्बाट संशोधन गर्दै संसदमा पेश गरिएकोले उक्त मस्यौदा फिर्ता लिनको लागि ज्ञापन पत्र बुझाइएको संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो। उद्योग वाणिज्य संघ-चितवनको सचिवालयमा एक कार्यक्रमका आयोजना गरि संसदीय व्यवस्था, कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति एवम् चितवन क्षेत्र नं. २का सभासद माननीय कृष्णभक्त पोखेललाई संघका अधयक्ष राजु श्रेष्ठले ज्ञापन पत्र बुझाउनु भयो। ज्ञापन पत्र ग्रहण गर्दै माननीय कृष्णभक्त पोखेलले व्यवसायीहरुले उठाएको सवाललाई यथासक्य छिटो नेपाल सरकारलाई अवगत गराई आवस्यक प्रक्रिया अगाढी बढाउने बताउनु भयो। कार्यक्रममा सभासद् पोखेलले बर्तमान परिस्थितिमा विकासको सार्वजनिक- नीजि अवधारणालाई



बाँकी ३ नं. पेजमा

## उद्योग वाणिज्य संघ-चितवनले व्यवसायीको निशुल्क कोरोना बीमा गरिदिने ।

उद्योग वाणिज्य संघ-चितवनले उद्यमी व्यवसायीको लागी निशुल्क कोरोना बीमा गरिदिने भएको छ। विश्वव्यापी रुपमा रहेको कोभीड १९ का कारण आर्थिक क्षेत्र मात्र नभई मानवीय क्षेत्रमा पनि ठुलो क्षति पुगेको अवस्थामा व्यवसायीलाई राहत स्वरुप बीमा योजना ल्याइएको हो। कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि लागु गरिएको बन्दाबन्दीको कारण व्यवसाय क्षेत्र आक्रान्त बनेको बर्तमान अवस्थामा व्यवसायी माथी जटिलता थपिएको कुरालाई मध्येनजर राखी रु. ५० हजार बराबरको कोरोना बीमा योजना ल्याइएको संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो। अध्यक्ष श्रेष्ठका अनुसार संघको कार्यसमितिको नियमित चौथो बैठकले उक्त योजना लागु गर्ने निर्णय गरेको हो। उद्योग वाणिज्य संघ-चितवनको सदस्यता प्राप्त गरेका व्यवसायीले आफ्नो सदस्यता यहि आषाढ मसान्त सम्म नवीकरण गर्ने सदस्यहरुलाई यो बीमा योजना लागु गरिएको उद्योग वाणिज्य

बाँकी ४ नं. पेजमा


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2020 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality



प्रकाशक उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५२०१०८, ५२२१४५, ५२५५१२, फ्याक्स ०५६-५२०१६५

URL : www.ccichitwan.org, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**
राजेन्द्र ओली
कार्यसमिति सदस्य

**सदस्यहरु**
अशोक अधिकारी, अरुण कुमार खनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्धार्थलाल चुके(सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

**सम्पादन**
निल बहादुर के.सी. (निलु)
कामु कार्यकारी निर्देशक

**ले-आउट / डिजाइन**
सन्देश पौडेल
सूचना प्रविधि अधिकृत

# उवासंघ-चितवन द्वारा कोरोना राहत कोष स्थापना

उद्योग वाणिज्य संघ-चितवनले कोरोना राहत कोषको स्थापना गरेको छ । महाव्यापी रुपमा विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड १९)को कारण नेपालमात्र नभई विश्वनै आक्रान्त बनेको बर्तमान अवस्थामा यसको रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारबाट लागु गरिएको लक डाउनका कारण दैनिक ज्यालादारी गर्ने मजदुर लगायत बिपन्न परिवारको दैनिकी कष्टकर बन्दै गईरहेकोले यस बाट प्रत्यक्ष प्रभावितहरुलाई राहत वितरण गर्नका लागि उद्योग वाणिज्य संघ-चितवन कोरोना राहत कोष स्थापना गरिएको संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो । हाललाई संघले ३ लाखको राहत कोष स्थापना गरेको र यसलाई बृद्धि गर्नका लागि संघले संघमा आवद्ध सदस्य , वस्तुगत संघ, व्यवसायीक प्रतिष्ठानलाई समेत अपिल गर्ने निर्णय गरेको संघका कार्यसमिति सदस्य एवम् स्वास्थय समितिका संयोजक सिरिस पन्तले जानकारी दिनु भयो । संघको राहत कोषका लागि उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट रु १ लाख ३० हजार र कार्यसमितिको तर्फबाट १ लाख ७० हजार गरी हाललाई ३ लाखको कोरोना राहत कोषको स्थापना गरिएको अध्यक्ष श्रेष्ठले बताउनु भयो । संघको सामाजिक उत्तर दायित्व अर्न्तगत रहि उद्योग वाणिज्य संघ-चितवनले विपद्को यस घडिमा सहायेग स्वरुप कोषको स्थापना गरिएकोले एक द्वार प्रणाली मार्फत नै कोषको रकम सदुपयोग गरिने संघका कार्यसमिति सदस्य एवम् प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन समितिका संयोजक नारायण प्रधानले बताउनु भयो । संघले यस अगावै कोरोना भाइरस रोकथाम , नियन्त्रण एवम् सहयोगका लागि दैनिक ज्यालादारी गर्ने एवम् विपन्न बर्गलाई खाद्यान्न वितरण, बजारका मुख्य केन्दहरुमा साबुन पानिले हात धुने व्यवस्था एवम् कोरोना अस्पताललाई N 95 मास्क वितरण, कोरोना अस्पताल स्थापनाका लागि समेत सहयोग गरिएको छ । संघले बजारमा खाद्यान्नको आपूर्ति व्यवस्थापन गर्नका लागि समेत अनुगमन र पहल गर्दै आइरहेको छ । संघको मिति २०७६ चैत २४ गते वसेको संघका पदाधिकारी, कार्यसमिति सदस्य एवम् सम्बन्धि कार्यगत समितिका संयोजकहरुको उपस्थितिमो उक्त राहत कोषको स्थापना गरिएको संघले जनाएको छ ।

# नारायणी नदी किनारको बृहत्तर विकास गरिने प्रथम चरणमा फुट ट्रायल निर्माण हुंदै ।

भरतपुर महानगरपालिका वडा नं.१ मा अवस्थित नारायणी नदी किनारलाई विकास गरि प्रबर्द्धन गरिने भएको छ । चितवन जिल्लाको पर्यटकिय स्थल मध्येको एक महत्वपूर्ण स्थानको रुपमा रहेको उक्त नारायणी नदी किनारलाई सि विच (Sea Beach) मोडलमा विकास गर्दै प्रमुख पर्यटकिय स्थलको रुपमा प्रबर्द्धन गर्नका लागि भरतपुर महानगरपालिका र उद्योग वाणिज्य संघ-चितवन विच विस्तृत परियोजना प्रतिवेदन तयार भई दुवै पक्ष विच समभ्रूदारी भएको छ । उद्योग वाणिज्य संघ-चितवनको पहलमा निर्माण हुन लागेको विस्तृत परियोजना अर्न्तगत प्रथम चरणमा फुट ट्रायल निर्माण गरिन लागेको उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो । चितवनको गरिमा संग जोडिएको उक्त नारायणी नदी किनारलाई व्यवस्थित गरि यसको प्रबर्द्धन गर्न सकेमा चितवनको प्रबर्द्धनमा महत्वपूर्ण कार्य हुने अध्यक्ष श्रेष्ठले बताउनु भयो । बिगत लामो समय देखी उद्योग वाणिज्य संघ-चितवनको संरक्षणमा रहेको उक्त नाराणि नदी किनारलाई प्रबर्द्धन गर्नका लागि संघले भरतपुर महानगर पालिका संग पहल गर्दै सहकार्यका लागि समभ्रूदारी गरेको हो । समभ्रूदारी बमोजिम उद्योग वाणिज्य संघ-चितवन प्रबर्द्धक एवम् उपभोक्ता रहने गरि कार्य सम्पादन गरिने भएको हो

*बाँकी ६ नं. पेजमा*



ccichitwan.org.np
info@ccichitwan.org.np

.....अगाडि बढाउँदै राष्ट्र निर्माणमा सहकार्य गर्नुपर्ने बताउनु भयो । सरकारी संयन्त्र अर्न्तगतकै आन्तरिक राजश्व विभाग, ठूला करदाता कार्यालय , सम्पत्ति सुद्धिकरण आयोग लगायत दर्जनौं निकायबाट अनुगमन एवम् अध्ययन अनुसन्धान भइरहेको बर्तमान अवस्थामा सरकारले असल नियतले नभै व्यवसायीलाई हतोत्साहित बनाउने निहित उद्देश्यका साथ मस्यौदा तयार गरेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ । मुलुकको कुल ग्राहस्थ उत्पादनको ७०प्रतिसत भन्दा बढि योगदान गर्ने र रोजगारिको ४० प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रलाई राहतका कार्यक्रम ल्याउने र व्यवसाय मैत्री वातावरण सिर्जना गर्नुको सट्टा यस किसिमका जटिलता सिर्जना गर्नुले देशको औद्योगिक विकास थप धरासायी हुने भएकोले ज्ञापन पत्र मार्फत सरकारलाई ध्यानाकर्षण गराइएको संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो । नेपाल सरकारले आ.व. २०७७/२०७८ को बजेट तथा आर्थिक निती तथा कार्यक्रम मार्फत समेत कुनै रचनात्मक कार्यक्रम र राहतका प्याकेज लिन नसक्नु दुखद रहेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ । ज्ञापन पत्र हस्तान्तरण कार्यक्रम पश्चात समसामयिक विषयमा छलफल हुनुका साथै संघका अध्यक्षको नेतृत्वमा उद्योग वाणिज्य संघ-चितवन र भरतपुर महानगरपालिका कार्यालयको सहकार्यमा नारायणी नदी किनारमा निर्माणाधिन सी वीच अर्न्तगतको फुट ट्र्याकको समेत अवलोकन गरिएको थियो । ज्ञापन पत्र हस्तान्तरण कार्यक्रममा संघका पूर्व अध्यक्ष एवम् नेउवामहासंघका कार्यकारिणि समिति सदस्य कल्याण जोशी, पूर्वअध्यक्ष देशीराम प्रधान, प्रचण्डलाल प्रधान, रमेश कुमार पिया, उत्तमलाल चुके यसै गरि संघका निबर्तमान अध्यक्ष सहनलाल प्रधान, वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, उपाध्यक्ष त्रय सुमन कुमार श्रेष्ठ, चिरञ्जिवि सुवेदी, भोजराज कौडाल लगायतको उपस्थिति रहेको थियो ।

## भरतपुरका व्यवसायीलाई कर छुटको घोषणा
## उद्योग वाणिज्य संघ-चितवनद्वारा स्वागत ।

उद्योग वाणिज्य संघ-चितवनले भरतपुर महानगरपालिकाको सम्पन्न नगर सभामार्फत भरतपुरका व्यवसायीलाई गरेको व्यवसाय कर छुटको घोषणाको स्वागत गरेको छ । विश्वव्यापी रुपमा रहेको कोरोना भाइरसका कारण नीजि क्षेत्र सबैभन्दा बढि प्रभावित भएको अवस्थामा महानगर पालिकाले गरेको  घोषणाले व्यवसायीलाई थोरै भए पनि राहत महशुस भएको संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो । कर तिर्नु व्यवसायीको दायित्व हो तर संकटको अवस्थामा व्यवसायीलाई टिकाइ राख्नका लागि सरकारद्धारा विभिन्न राहतका प्याकेजहरुको घोषणा गर्नुपर्दछ अध्यक्ष श्रेष्ठले बताउनु भयो । व्यवसायमा परेको बर्तमान विसम परिस्थितिमा महानगरपालिकाले उक्त घोषणा गर्नु स्वागत योग्य भएको उहाको भनाई छ । व्यवसाय करमा छुट दिनको लागि उद्योग वाणिज्य संघ-चितवनले समय समयमा बिभिन्न अर्न्तक्रिया एवम् छलफल मार्फत बर्तमान अवस्थामा व्यवसाय कर छुटको लागि माग गर्दै आइरहेको थियो । संघले आफुले गरेको अनुरोधलाई सम्बोधन गरेकोमा संघले महानगरपालिका प्रति आभार ब्यक्त गरेको हो । बुधवार चितवनमा सम्पन्न नगरसभामा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल र उपप्रमुख पार्वती शाह ठकुरीले नीति तथा कार्यक्रम एवम् बजेट प्रस्तुत गर्दै पर्यटन र मनोरञ्जन व्यवसायीहरुलाई करमा २५ प्रतिशत, घरवहाल करमा ३ प्रतिशत र अन्य व्यवसायलाई १५ प्रतिशत छुट दिईने  घोषणा गर्नुभएको हो । स्थानिय रुपमा उपलब्ध श्रोत र साधनको उच्चतम सदुपयोग गर्दै विकासको लागि सार्वजनिक-नीजि साझेदारी अवधारणा अबलम्बन गरेकोमा महानगर प्रति सम्मान व्यक्त गर्दै महानगरको समग्र विकासमा संघ सदैव तत्पर रहेको संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो ।



# सौन्दर्यकला व्यवसायीको ज्ञापन पत्र

चितवनमा सौन्दर्यकला व्यवसायीहरुको संगठन चितवन ब्युटि पार्लर युनिटिले उद्योग वाणिज्य संघ-चितवनलाई ज्ञापन पत्र बुझाएको छ । नेपाल सरकार द्वारा लागु गरिएको लक डाउनलाई खुकुलो बनाउँदै सरकारले अन्य व्यवसाय खुला गरेता पनि सौन्दर्यकला व्यववसायीहरुलाई बन्देज लगाउंदा दैनिक जिविकोपार्जनमा समेत असर गरेको भनि सम्बन्धित निकायलाई पहल गरिदिनका लागि उद्योग वाणिज्य संघलाई ज्ञापन पत्र बुझाएको युनिटिका संस्थापक अध्यक्ष योगिता पियाले बताउनु भयो । उद्योग वाणिज्य संघ-चितवनको सचिवालयमा ज्ञापन पत्र बुझ्दै संघका अध्यक्ष राजु श्रेष्ठले कोभिड १९ का कारण सवै क्षेत्र मारमा परेको तर उद्योग व्यवसाय क्षेत्र अत्यन्त मर्माहत भएको बेला सरकारले तय गरेका मापदण्ड पुरा गर्दै कम जोखिम हुने खालका व्यवसाय संचालन गर्न पाउनुपर्ने भन्दै सो सम्बन्धमा सम्बन्धित निकायमा तत्कालनै आवस्यक पहल गरिने बताउनु भयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले प्रत्येक व्यवसायीहरुले व्यवसायिक उत्तरदायित्व र आफ्नो र ग्राहकको समेत स्वास्थ्यको वारेमा भने सचेत हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । ज्ञापन पत्र बुझाउँदै चितवन ब्युटिपार्लर युनिटिका अध्यक्ष मिना उप्रेतीले आय आर्जननै ब्युटिपार्लर र सौन्दर्यजन्य व्यवसायमा आश्रित व्यवसायीको अवस्था दयनिय भएकोले आवश्यक पूर्वसावधानी सहित व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने बताउनु भयो । उद्योग वाणिज्य संघ-चितवनको वस्तुगत सदस्य समेत रहेको चितवन ब्युटिपार्लर युनिटिमा हाल करिब ५ सय भन्दा बढि व्यवसायी आवद्ध रहि सौन्दर्यकला सम्बन्धित व्यवसाय सञ्चालन गर्दै आएको युनिटिले जानकारी दियो । कार्यक्रममा संघका पूर्वअध्यक्ष, पदाधिकारी ,नेउवामहासंघका प्रतिनिधि लगायतका उपस्थिति रहेको थियो ।



....संघ-चितवनका कार्यसमिति सदस्य एवम् स्वास्थ्य समितिका संयोजक सिरिस पन्तले जानकारी दिनुभयो ।यो योजना अर्न्तगत सदस्य व्यवसायीलाई कोरोना संक्रमण भएको PCR Report पेश भए पश्चात बिमा रकम प्राप्त गर्ने र नवीकरण गर्ने सदस्यलाई कुनै शुल्क लाग्ने छैन । उद्योग वाणिज्य संघ-चितवनले कोरोनाका कारण लागु गरिएको बन्दाबन्दिको कारण सिर्जित असहज परिस्थितिलाई मध्येनजर गर्दै बिभिन्न राहतका कार्यक्रम संचालन गरेको छ । संघले आफ्ना सदस्यलाई मध्येनजर राख्दै यस अगावै व्यवसायी राहत कोष स्थापना गरि लागु गरेको संघका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिनुभयो । हाल संघमा करिव ४ हजार ५ सय व्यवसायी आवद्ध रहेकाछन् ।


## उद्योग वाणिज्य संघ-चितवनको

**सदस्यता नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना ।**

उद्योग वाणिज्य संघ-चितवनको आर्थिक वर्ष २०७७/२०७८ को सदस्यता असार मसान्त भित्रमा नवीकरण गर्ने सदस्यलाई रु. ५०,०००/०० बराबरको निशुल्क कोरोना बीमा गरिदिने कार्यक्रम भएकोले यही २०७७ असार मसान्त सम्ममा आफ्नो सदस्यता नवीकरण गर्नुभई लाभान्वित हुनुहुन हार्दिक अनुरोध गर्दछौं ।

विस्तृत जानकारीको लागि:
उद्योग वाणिज्य संघ चितवन
नारायणी मार्ग, नारायणगढ

फोन : ०५६ ५२०१०८
Notice Board No: 1618056525512


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
उद्योग वाणिज्य संघ-चितवन
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 520018
– 525512
– 522145
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
Outdoor Physical Fitness facility with equipment in peaceful environment.
"A Home After Your Home"

....वा। उक्त किनारलाई आकर्षक गन्तव्यको रुपमा विकास गर्ने क्रममा प्रथम चरणमा ७५० मि. लम्बाई रहेको फुट ट्रायल निर्माण गर्न लागिएको उद्योग वाणिज्य संघ-चितवनका निबर्तमान अध्यक्ष एवम् नारायणी नदी सी बीच निर्माण उपभोक्ता समितिका अध्यक्ष सहनलाल प्रधानले बताउनु भयो । नारायणी नदी विकास एवम् प्रबर्द्धनका लागि उद्योग वाणिज्य संघ-चितवन र भरतपुर महानगरपालिका बिच हालै सम्झौता पत्रमा हस्ताक्षर गरिएको हो । दैनिक हजारौं आन्तरिक पर्यटक आउने उक्त स्थानलाई प्रबर्द्धन गर्न सकेमा आन्तरिक मात्र नभई वाह्य पर्यटनको समेत आवागमन हुने अपेक्षा गरिएको छ। परियोजना अन्तरगत नारायणी किनारमा पार्क, सेड, विश्राम स्थल, बगैंचा, हात्ति र गैंडाको मूर्ति, सौचालय , चमेना गृह लगायतका संरचना निर्माण गरिने भएको हो । दैनिक विहान र सांझको समयमा बृद्ध, बालबालिका देखी, फिल्म, डकुमेन्ट्री तथा बिभिन्न गीतको छायांकनका लागि समेत सुटिङ हबको रुपमा विकसित हुंदै गइरहेको उक्त स्थानको विकास गर्न सकेमा यसले पर्यटन प्रबर्द्धनका सासाथै नारायणी नदी किनारको संरक्षणमा समेत महत्वपूर्ण योगदान दिन सक्ने देखिएकोले यसको विकास गर्न लागिएको अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो। हाल फुट ट्रेकको काम सुचारु भएको छ। उद्योग वाणिज्य संघ-चितवनले स्थानिय रोटरी क्लब अफ वागिश्वरी संग सहकार्य गर्दै यस अगावै चेम्बर उद्यानमा फिटनेस सेन्टर समेत सञ्चालनमा ल्याएको छ। उक्त फुट ट्रायल यहि असार मसान्त सम्म निर्माण सम्पन्न भइसक्ने संघका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो ।

## नारायणगढ बजारको मिति २०७७ असार महिनाको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो | प्रति क्वि. | ५००० |
| २. धान मन्सुली | प्रति क्वि. | ३५०० |
| ३. साना मंसुली | प्रति क्वि. | ३२०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३३०० |
| ५. धान मोटो नया | प्रति क्वि | १९००-२२०० |
| ६. चामल मसिनो | प्रति क्वि | ६००० |
| ७. चामल मन्सुली | प्रति क्वि | ५५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५० |
| ९. मकै | प्रति क्वि. | २३०० |
| १०. गहुँ | प्रति क्वि. | ३७०० |
| ११. कोदो | प्रति क्वि. | ४६०० |
| १२. फापर | प्रति क्वि. | ४५०० |
| १३. चना | प्रति के.जी. | ९२ |
| १४. केराउ | प्रति के.जी. | ६० |
| १५. भटमास | प्रति के.जी. | ८० |
| १६. रहर दाल | प्रति के.जी. | १५० |
| १७. मसुरी दाल | प्रति के.जी. | ११० |
| १८. मासको दाल | प्रति के.जी. | १४० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | - |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ५६.५० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ५५.५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ४५ |
| २१. प्याज | प्रति के.जी. | ३० |
| २२. तोरीको तेल | प्रति १० ली. | १६५० |
| २३. भटमासको टेल | प्रति १० ली. | १४५० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | १४५० |
| २५. नुन | प्रति बोरा | ९८७ |
| २६. जिरा | प्रति के.जी. | ३६० |
| २७. मरिच | प्रति के.जी. | ६०० |
| २८. धनियाँ | प्रति के.जी. | १६५ |
| २९. क. सुन | प्रति तोला | ९१३०० |
| ख. चाँदी | प्रति तोला | ९७५ |
| ३०. कर्कट पाता | | |
| क. २८ गेज | प्रति वण्डल | ७३०० |
| ख. ३९ एम एम | प्रति वण्डल | - |
| ३१. छड | | |
| क. ८ मि.मि. | प्रति के.जी | ७८.५० |
| ख. १० मि.मि. | प्रति के.जी | ७५ |
| ख. १२ मि.मि. | प्रति के.जी | ७५ |
| ग. १६ मि.मि. | प्रति के.जी | ७५ |
| ३२. सिमेन्ट | | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | - |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ६४० |
| ग. रिलायन्स | प्रति बोरा | - |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ३८० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २८० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ६५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | - |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | १००० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ४०० |
| ञ. अण्डा | प्रति क्रेट | ३५० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ८० |
| ख. दही | प्रति लि. | १०० |
| ग. पनिर | प्रति के.जी. | ७०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | - |
| च. घ्यू | प्रति के.जी. | ११०० |

### पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

..........................................................

..........................................................

..........................................................

..........................................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०